## छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेडको १७औं वार्षिक साधारण सभाको विवरण तथा निर्णयहरु

१. **बैधानिक सभा :**

यस छिमेक लघुवित्त वित्तीय संस्था लि.को मिति २०७६/०१/०६ गते बसेको संचालक समितिको २२७औं बैठकको निर्णयानुसार कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, वित्तीय संस्थाको प्रबन्ध पत्र तथा नियमावली बमोजिम १७औं वार्षिक साधारण सभा वित्तीय संस्थाका अध्यक्ष श्री विश्वमित्र श्रेष्ठज्यूको सभापतित्वमा निम्न लिखित मिति, समय तथा स्थानमा निम्न विषयहरू उपर छलफल एवं निर्णय भई देहाय बमोजिम सम्पन्न भयो ।

मिति : २०७६/०१/३० गते सोमवार (तदनुसार १३ मे, २०१९)
समय : बिहान १०.३० बजे ।
स्थान : हेटौंडा,मकवानपुर स्थित होटल सामनाको सभा हल ।

२. **उपस्थिति :**

**(क) संचालक तथा प्रतिनिधिहरुको उपस्थिती :**

| क.स. | विद्यमान संचालकहरुको नाम | पद | प्रतिनिधित्व | ग्रहण गरेको शेयर कित्ता | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्री बिश्वमित्र श्रेष्ठ | अध्यक्ष | सर्वसाधारण शेयरधनीहरुको तर्फबाट | १०,९९० | |
| २ | श्री अनन्त चालिसे | प्रतिनिधि | हिमालयन बैंक लि.को तर्फबाट | ११,९८,३०० | |
| ३ | श्री कर्ण बहादुर घले | संचालक | सर्वसाधारण शेयरधनीहरुको तर्फबाट | २७६ | |
| ४ | श्री ऋषि राज जोशी | संचालक | सर्वसाधारण शेयरधनीहरुको तर्फबाट | ८९७ | |
| ५ | श्री रीता पन्त | संचालक | स्वतन्त्र संचालक | ० | |
| ६. | श्री रेणु कार्की | संचालक | संस्थापक व्यक्तिगत शेयरधनीहरुको तर्फवाट | २,२९७ | |
| ७. | श्री मनोज कुमार यादव | संचालक | नविल बैंक लि.को तर्फबाट | ११,९८,३०० | |

**(ख) शेयरधनीहरुको उपस्थिती विवरण :**

| क्र.सं. | शेयरधनी | शेयरधनी संख्या | कुल उपस्थित शेयर कित्ता | कैफियत |
|---|---|---|---|---|
| १ | संस्थापक शेयरधनीहरु | २३ | ४५५३४९९ | |
| २ | सर्व साधारण शेयरधनीहरु | १११ | १७०५७७७ | |
| | जम्मा | १३४ | ६२,५९२७६ | उपस्थित शेयर कित्ता ६२.५९ प्रतिशत |

३. **सभाको बैधानिकता :**

**(क) सभाको बारेमा सार्बजनिक सुचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७(२) र कम्पनीको नियमावलीको नियम ४(३) बमोजिम सभा हुने मिति, स्थान, समय र छलफलको विषयको सुचना शेयरधनी महानुभावहरुको जानकारीको लागी मिति २०७६ वैशाख ८ र ९ गते "नागरिक दैनिक" राष्ट्रिय दैनिक पत्रिकाका साथै कम्पनीको वेभ साइटमा पनि प्रकाशित गरिएको र साधारण शेयर दाखिल खारेजीको कार्य बन्द गरिएको मिति २०७६/०१/१५ गतेका दिन कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा कायम रहेका



CHHIMEK

साधारण शेयरधनी महानुभावहरुलाई आ.व.२०७४/०७५ को वार्षिक प्रतिवेदनका साथ सभाको सुचना, सभाको प्रवेशपत्र तथा प्रोक्सी फाराम समेत पठाई सकिएको व्यहोराको जानकारी कम्पनी सचिव श्री शोभा मिश्रज्यूले सभालाई गराउनु भयो ।

**(ख) गणपुरक संख्या :**

यस साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका तथा साधारण शेयर दाखिल खारेजी कार्य बन्द भएको मिति २०७६ वैशाख १५ मा कायम शेयरधनीहरु तथा उनीहरुले लिएको साधारण शेयरको विवरण यस प्रकार रहेको थियो ।

| बिवरण | | संस्थापक | सर्बसाधारण | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| कुल संख्या | शेयरधनिहरु | ४६ | ८,८३५ | ८,८८१ | |
| | साधारण शेयर | ५,१००,००० | ४,९००,००० | १०,०००,००० | |

कम्पनी ऐन, २०६३ को दफा ७३(२) र कम्पनीको नियमावली, २०६२ को नियम (५) बमोजिम आवश्यक गणपुरक संख्या (कम्पनीको शेयरधनीहरु स्वयं वा प्रतिनिधि मार्फत भएको उपस्थिती एवं उपस्थित शेयरधनीहरुले ग्रहण गरेको साधारण शेयरहरुको संख्या) देहाय बमोजिम रहेको व्यहोरा कम्पनी सचिव श्री शोभा मिश्रज्यूले सभालाई जानकारी गराउनु भयो । उपस्थित शेयरधनीहरुले उपरोक्त व्यहोराको जानकारी लिंदै सभा कानुन बमोजिम बोलाईएको हुँदा पुर्व सुचित प्रस्तावहरुमा छलफल गर्न मन्जुर गर्नुभयो ।

| उपस्थिति बिबरण | | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|---|
| स्वयं उपस्थिति संख्या (क) | शेयरधनिहरु | २२ | ११० | १३२ |
| | साधारण शेयर | ३५,४७,५९७ | १८,२७,५४० | ५३,७५,१३७ |
| प्रतिनिधिद्वारा उपस्थिति संख्या (ख) | शेयरधनिहरु | १ | १ | २ |
| | साधारण शेयर | १,८८,७७४ | ११,०३५ | १,९९,८०९ |
| जम्मा उपस्थिति संख्या (क)+(ख) | शेयरधनिहरु | २३ | १११ | १३४ |
| | साधारण शेयर | ४५,५३,४९९ | १७,०५,७७७ | ६२,५९,२७६ |
| उपस्थितिबाट प्रतिनिधित्व भएको प्रतिशत | शेयरधनिहरुको उपस्थिती तर्फ | ४७.८३ | १.२५ | १.४९ |
| | साधारण शेयर संख्याको आधारमा | ८९.२८ | ३४.८१ | ६२.५९ |

## ४. सभामा प्रस्तुत छलफलका विषयहरु :

शेयरधनीहरुको जानकारीको लागि कम्पनीले प्रकाशन गरेको सुचना र कम्पनीले शेयरधनीहरुलाई वितरण गरेको आफ्नो वार्षिक प्रतिवेदनमा उल्लेख गरिए बमोजिम यस वार्षिक साधारण सभामा छलफलका विषयहरु देहाय बमोजिम रहेका थिए ।

**(१) सामान्य प्रस्ताव**

(क) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आर्थिक बर्ष २०७४/०७५ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(ख) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७४/०७५ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण सहितको वित्तिय विवरणहरु तथा सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

(ग) बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७५/०७६ का लागी लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (वर्तमान लेखापरीक्षक श्री सुन्दर एण्ड कम्पनीका श्री सुन्दरमान श्रेष्ठ ऐन बमोजिम पुन: नियुक्त हुन सक्नुहुनेछैन ।)

(घ) संचालक समितिले सिफारिस गरे बमोजिम आ.व.२०७४/०७५ को मुनाफाबाट हाल कायम चुक्ता पूँजीको २२ प्रतिशतले हुनआउने रकम रु.२२,००,००,००० (अक्षरेपी बाईस करोड मात्र) नगद लाभांश (बोनश शेयरमा लाग्ने कर समेत) वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

(ङ) यस वित्तीय संस्थाका अध्यक्ष एवं संचालक वित्तीय संस्थाको कामको सिलसिलामा स्वदेश भ्रमण गर्दा रु.२२०० दैनिक भ्रमण भत्ता, वास्तविक बिल बमोजिमको यातायात खर्च र लजिङ्ग खर्च उपलब्ध गराउन स्वीकृत गर्ने ।

(च) यस वित्तीय संस्थाको आन्तरिक समिति/उपसमितिको बैठकमा उपस्थित हुने संचालकलाई बैठक भत्ता उपलब्ध गराउने एवं यस्तो भत्ता संचालक समितिको बैठकमा उपस्थित हुँदा पाउने बैठक भत्ता बराबर हुनेगरी स्वीकृत गर्ने ।

**(२) विशेष प्रस्ताव**

(क) संचालक समितिबाट सिफारिश भए बमोजिम आ.व.२०७४/०७५ को मुनाफाबाट हाल कायम चुक्ता पूँजीको १८% का दरले हुनआउने रकम रु.१८,००,००,०००.०० (अक्षरेपी अठार करोड रुपैया मात्र) बराबरको बोनश शेयर जारी गरि वित्तीय संस्थाको जारी तथा चुक्ता पूँजी रु.१,१८,००,००,०००.०० (अक्षरेपी एक अर्व अठार करोड रुपैया मात्र) पुऱ्याउने सम्बन्धि प्रस्ताव स्वीकृत गर्ने ।

(ख) वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीका केही दफा/नियमहरुको संशोधन स्वीकृत गर्ने तथा उक्त प्रस्तावित संशोधनमा नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक संशोधन/परिमार्जन गर्न संचालक समिति वा संचालक समितिले तोकेको पदाधिकारीलाई अधिकार दिने ।

**(३) विविध**

**५. सभाको सभापतित्व तथा उद्घाटन :**

यस वार्षिक साधारण सभा संचालनका लागि बैधानिक आवश्यकता पुरा भएकोले कम्पनी ऐन, २०६३ को ७४(१) र कम्पनीको नियमावलीमा भएको ब्यवस्था अनुसार संचालक समितिको निर्णय अनुसार अध्यक्ष श्री विश्वमित्र श्रेष्ठज्यूलाई सभाको सभापतित्व गर्न अनुरोध गरियो । त्यसै अनुरुप उहाँले सभाको सभापतित्व गर्नुभयो । तत्पश्चात सभापति महोदयले सभाको उद्घाटन गर्दै सभाको कार्यक्रम अघि बढाउनु भयो ।

**६. स्वागत मन्तव्य :**

सभापतिज्यूको अनुमति लिई संचालक श्री ऋषि राज जोशीले सभामा उपस्थित संचालक समितिका सदस्य, शेयरधनी महानुभावहरु एवं अन्य आमन्त्रित महानुभावहरुलाई हार्दिक स्वागत गर्नुभयो ।

**७. १७औं वार्षिक प्रतिवेदन प्रस्तुत :**

सभाको काम-कारवाही शुरु गर्ने क्रममा संचालक समितिका तर्फबाट सभापति श्री विश्वमित्र श्रेष्ठज्यूले शेयरधनीहरुलाई सम्बोधन तथा स्वागत गर्दै संचालक समितिको वार्षिक प्रतिवेदन पढेर सुनाउनु भयो । त्यसपछि लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व.२०७४/७५ आषाढ मसान्तको वासलात तथा मिति २०७४/०४/०१ देखि २०७५/०३/३२ सम्मको नाफा/नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसुचीहरु साधारण सभा समक्ष छलफल तथा निर्णयको रुपमा पारित गर्नका लागि प्रस्तुत गर्नुभयो । समिक्षा अवधिमा राखिएको लक्ष्य तथा प्रगती विवरणहरु, चालु आ.व.२०७५/७६ मा राखिएको अनुमानित लक्ष्य, बैंकिङ कृयाकलाप, प्रविधि विकास, जनशक्ति विकास, चुक्ता पुँजिमा वृद्धि, शाखा विस्तार नीति, संचालक समितिमा भएको परिवर्तन, लेखापरिक्षकको नियुक्ती, बोनस शेयर एवं नगद लाभांश वितरण लगायत वित्तीय संस्थाको भावि योजना तथा अन्य कार्यक्रमहरुका बारेमा विवरण प्रस्तुत गर्नुभयो । त्यसका साथै अन्त्यमा धन्यवाद ज्ञापन गर्नुहुदै शेयरधनीहरुको तर्फबाट कुनै जिज्ञाशा तथा प्रतिकृया भए व्यक्त गर्नका लागि समय प्रदान गर्नुभयो ।

८. **साधारण सभामा उठेका जिज्ञासा एवं प्रति उत्तर :**
**(१) सभाको छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुको नाम र सुझाव तथा जिज्ञासाहरु :**

**(क) ज्ञानेन्द्र प्रसाद पाण्डे**
लेखापरिक्षक नियुक्ति गर्दा सकेसम्म धेरैवटा शाखा कार्यालयहरुको लेखा परिक्षण गर्ने गरि नियुक्ती गर्नुहुन सुझाव दिनुभयो ।

**(२) माथि उल्लेख भए अनुसार शेयरधनी महानुभावहरुले ब्यक्त गर्नु भएको सदभाव प्रति आभार ब्यक्त गर्दै वहाँहरुले प्रकट गर्नु भएको जिज्ञासा तथा प्रश्नहरुको प्रतिउत्तर सभापतिज्यूको निर्देशन अनुसार सम्बन्धीत पदाधिकारीहरुज्यूहरुले देहाय अनुसार प्रतिउत्तर दिनुभयो :**

(क) शेयरधनी ज्ञानेन्द्र प्रसाद पाण्डेले दिनुभएको सुझाव सम्वन्धमा हाल कम्तिमा दश प्रतिशत शाखामा अनिवार्य रुपमा लेखापरिक्षण गराउने गरि सम्झौता गर्ने यसै वित्तीय संस्थाका लेखा परिक्षण समितिका सदस्य निकेश अधिकारीज्यूले सभालाई जानकारी दिनुभयो ।

९. **सभाका निर्णयहरु :**
१७औं बार्षिक साधारण सभामा शेयरधनी महानुभावहरुलाई प्रस्तुत पुर्व सुचित प्रस्तावहरुलाई क्रमश: पारीत गरिदिनको लागी सभापतिज्यूको अनुमती अनुसार वित्तीय संस्थाकी कम्पनी सचिव श्री शोभा मिश्रले अनुरोध गर्नुभयो । सबै प्रस्तावहरु उपर सभाले सर्वसम्मत निर्णयबाट देहाए बमोजिम पारित गऱ्यो।

(१) **सामान्य प्रस्ताव तर्फ :**

(क) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आर्थिक बर्ष २०७४/०७५ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

*निर्णय : (क) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले सभा समक्ष बार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भएकोमा सभाले उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गऱ्यो । साथै, वार्षिक प्रतिवेदनमा उल्लेख भए अनुसार स्वतन्त्र संचालकमा श्री रीता पन्तज्यू, संस्थापक निजि क्षेत्रका शेयरधनीका तर्फबाट संचालक श्री रेणु कार्कीज्यू र संस्थापक शेयरधनी नविल बैंकको तर्फबाट संचालक श्री मनोज कुमार यादवज्यू नियुक्त हुनुभएको ब्यहोरा सभाले जानकारी लिई सो को अनुमोदन समेत गऱ्यो।*

(ख) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७४/०७५ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरु तथा सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

*निर्णय : (ख) लेखापरीक्षकको प्रतिवेदन तथा आ.व.२०७४/०७५ को वासलात, नाफा नोक्सान र नगद प्रवाह विवरण तथा सम्वन्धित अनुसूचिहरु समेत छलफल गरि पारित गरियोस भनि सभापतिज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले उल्लेखित सम्पुर्ण वित्तीय विवरणहरु सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो।*

(ग) बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७५/०७६ का लागी लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (वर्तमान लेखापरीक्षक श्री सुन्दर एण्ड कम्पनीका श्री सुन्दरमान श्रेष्ठ ऐन बमोजिम पुन: नियुक्त हुन सक्नुहुनेछैन ।)

*निर्णय : (ग) वित्तीय संस्थाको आर्थिक बर्ष २०७५/०७६ को लेखापरीक्षण कार्यको लागि कम्पनी ऐन, २०६३ को दफा १६५(घ) बमोजिम लेखापरिक्षण समितिको सिफारिसमा BRS Neupane लाई Statutory Audit र Tax Audit समेत रु. ५,२५०००/- (मुल्य अभिबृद्धि कर वाहेक) अर्थात् Transportation, Lodging, Fooding लगायत अन्य खर्चहरु समेत कुल रु.५,९३,५००।- (अक्षरेपी पाँच लाख त्रियानव्वे हजार पाँच सय मात्र) मा नबढ्ने गरि उपलब्ध गराउने निर्णय सर्वसम्मतिबाट पारीत भयो ।*



BHHIMEK

(घ) संचालक समितिले सिफारिस गरे बमोजिम आ.व.२०७४/०७५ को मुनाफाबाट हाल कायम चुक्ता पूँजीको २२ प्रतिशतले हुनआउने रकम रु.२२,००,००,००० (अक्षरेपी वाईस करोड मात्र) नगद लाभांश (वोनश शेयरमा लाग्ने कर समेत) वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

*निर्णय : (घ) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०७४/०७५ को मुनाफाबाट हाल कायम चुक्ता पूँजीको २२ प्रतिशतले (वोनश शेयरको कर सहित) हुन आउने रकम रु.२२,००,००,००० (अक्षरेपी वाईस करोड मात्र) नगद लाभांश (वोनश शेयरमा लाग्ने कर समेत) वितरण गर्न गरेको सिफारिस माथि छलफल गरी उक्त प्रस्तावलाई सर्वसम्मतीबाट पारित गर्ने निर्णय गर्‍यो।*

(ङ) यस वित्तीय संस्थाका अध्यक्ष एवं संचालक वित्तीय संस्थाको कामको सिलसिलामा स्वदेश भ्रमण गर्दा रु.२२०० दैनिक भ्रमण भत्ता, वास्तविक बिल बमोजिमको यातायात खर्च र लजिङ्ग खर्च उपलब्ध गराउन स्वीकृत गर्ने ।

*निर्णय : (ङ) यस वित्तीय संस्थाका अध्यक्ष एवं संचालक वित्तीय संस्थाको कामको सिलसिलामा स्वदेश भ्रमण गर्दा रु.२२०० दैनिक भ्रमण भत्ता, वास्तविक बिल बमोजिमको यातायात खर्च र लजिङ्ग खर्च उपलब्ध गराउन स्वीकृत गर्ने निर्णयलाई सभाले सर्वसम्मतीबाट पारित गर्‍यो।*

(च) यस वित्तीय संस्थाको आन्तरिक समिति/उपसमितिको बैठकमा उपस्थित हुने संचालकलाई बैठक भत्ता उपलब्ध गराउने एवं यस्तो भत्ता संचालक समितिको बैठकमा उपस्थित हुँदा पाउने बैठक भत्ता बराबर हुनेगरी स्वीकृत गर्ने ।

*निर्णय : (च) यस वित्तीय संस्थाको आन्तरिक समिति/उपसमितिको बैठकमा उपस्थित हुने संचालकलाई बैठक भत्ता उपलब्ध गराउने एवं यस्तो भत्ता संचालक समितिको बैठकमा उपस्थित हुँदा पाउने बैठक भत्ता बराबर हुनेगरी स्वीकृत निर्णयलाई सभाले सर्वसम्मतीवाट पारित गर्ने निर्णय गर्‍यो ।*

(२) **विशेष प्रस्ताव तर्फ :**

(क) सचालक समितिबाट सिफारिस भए बमोजिम आ.व.२०७४/०७५ को मुनाफाबाट हाल कायम चुक्ता पूँजीको १८% का दरले हुन आउने रकम रु.१८,००,००,०००.०० (अक्षरेपी अठार करोड रुपैया मात्र) बराबरको वोनश शेयर जारी गरि वित्तीय संस्थाको जारी तथा चुक्ता पूँजी रु.१,१८,००,००,०००.०० (अक्षरेपी एक अर्व अठार करोड रुपैया मात्र) पुऱ्याउने सम्बन्धि प्रस्ताव स्वीकृत गर्ने ।

*निर्णय : (क) संचालक समितिबाट सिफारिस भए बमोजिम आ.व.२०७४/०७५ को मुनाफाबाट हाल कायम चुक्ता पूँजीको १८% का दरले हुन आउने रकम रु.१८,००,००,०००.०० (अक्षरेपी अठार करोड रुपैया मात्र) बराबरको वोनश शेयर जारी गरि वित्तीय संस्थाको जारी तथा चुक्ता पूँजी रु.१,१८,००,००,०००.०० (अक्षरेपी एक अर्व अठार करोड रुपैया मात्र) पुऱ्याउने सम्बन्धि प्रस्तावलाई सर्वसम्मतिले पारित गर्ने निर्णय गर्‍यो ।*

(ख) वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीका केही दफा/नियमहरुको संशोधन स्वीकृत गर्ने तथा उक्त प्रस्तावित संशोधनमा नियमनकारी निकायले फेरबदल गर्न सुभाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक संशोधन/परिमार्जन गर्न संचालक समिति वा संचालक समितिले तोकेको पदाधिकारीलाई अधिकार दिने ।

*निर्णय : (ख) वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीका दफा/नियमहरुमा देहाय बमोजिम संशोधन स्वीकृत गर्ने तथा उक्त प्रस्तावित संशोधनमा नियमनकारी निकायले फेरबदल गर्न सुभाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक संशोधन/परिमार्जन गर्न संचालक समिति वा संचालक समितिले तोकेको पदाधिकारीलाई अधिकार दिने प्रस्तावलाई समेत सर्वसम्मतले पारित गर्ने निर्णय गर्‍यो ।*

CHHIMEK

प्रबन्धपत्रमा प्रस्तावित संशोधनहरु :

| साविकको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| १. **दफा ५. वित्तीय संस्थाको पूँजीको संरचना** : वित्तीय संस्थाको अधिकृत पूँजीको अंक, पूँजी संरचना र विभिन्न प्रकारको शेयर सँख्या देहाय बमोजिम हुनेछ :-<br>(ख) वित्तीय संस्थाको तत्काल जारी पूँजी रु.१,०००००००००/- (अक्षरेपी एक अर्व रुपैया मात्र) हुनेछ ।<br>(ग) वित्तीय संस्थाको तत्काल चुक्ता पूँजी रु.१,०००००००००/- (अक्षरेपी एक अर्व रुपैया मात्र) हुनेछ । | १. **दफा ५. वित्तीय संस्थाको पूँजीको संरचना :** वित्तीय संस्थाको अधिकृत पूँजीको अंक, पूँजी संरचना र विभिन्न प्रकारको शेयर सँख्या देहाय बमोजिम हुनेछ :-<br>(ख) वित्तीय संस्थाको तत्काल जारी पूँजी रु.१,१८,०००००००/- (अक्षरेपी एक अर्व अठार करोड रुपैया मात्र) हुनेछ ।<br>(ग) वित्तीय संस्थाको तत्काल चुक्ता पूँजी रु.१,१८,०००००००/- (अक्षरेपी एक अर्व अठार करोड रुपैया मात्र) हुनेछ । | वित्तीय संस्थाले वोनश शेयर जारि गरे पश्चात पुँजी बृद्धि भएकोले |

नियमावलीमा प्रस्तावित संशोधनहरु :

| साविकको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| १. नियम ३१. **सञ्चालकको पारिश्रमिक र भत्ता सम्बन्धी व्यवस्था** :<br>(ख) समितिको बैठकमा उपस्थित भए वापत समितिको अध्यक्षलाई रु.५०००/- संचालकलाई रु.४५००/- बैठक भत्ता उपलब्ध हुनेछ ।<br>**(ग) (इ) स्वदेश भ्रमणमा दैनिक भत्ता** : अध्यक्ष एवं सञ्चालकलाई रु.३०००।- तथा वास्तविक लागेको यातायात खर्च । | १. नियम ३१. **सञ्चालकको पारिश्रमिक र भत्ता सम्बन्धी व्यवस्था** :<br>(ख) समितिको बैठकमा उपस्थित भए वापत समितिको अध्यक्षलाई रु.५०००/-, संचालकलाई रु.४५००/- बैठक भत्ता उपलब्ध हुनेछ । साथै, कुनै संचालक अन्य आन्तरिक समिति/उपसमितिमा संयोजक वा सदस्य भई सो उपसमितिको बैठकमा उपस्थित भए वापत संचालक सरह बैठक भत्ता उपलब्ध हुनेछ ।<br>**(ग) (इ) स्वदेश भ्रमणमा दैनिक भत्ता तथा अन्य खर्च** : अध्यक्ष एवं सञ्चालकलाई वित्तीय संस्थाको काममा भ्रमण गर्दा दैनिक रु.२२००।- तथा वास्तविक लागेको यातायात तथा लज खर्च । | नेपाल राष्ट्र बैंकको सुझाव अनुसार बैठक भत्ता मिलाईएको |

(३) **विविध प्रस्ताव तर्फ :**

(क) **सम्मान तथा स्वागत :**

२०७५ श्रावण देखि यस वित्तीय संस्थाको संचालक पदबाट अवकाश लिनु भएकी संस्थापक अध्यक्ष श्रीमती भुवनेश्वरी पन्तज्यूलाई अध्यक्ष र प्रमुख कार्यकारी अधिकृतले संयुक्त रुपमा सम्मान पत्र प्रदान गर्नुभयो । यसैगरि यसै चालु वर्षमा नियुक्त हुनुभएका संचालकहरु श्रीमती रीता पन्त, श्रीमती रेणु कार्की र श्री मनोज कुमार यादवलाई अध्यक्ष एवं प्रमुख कार्यकारी अधिकृतज्यूले संयुक्त रुपमा स्वागत गर्नुभयो ।

(ख) **धन्यवाद ज्ञापन :** सभापतिज्यूको अनुमति लिई वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री रामचन्द्र जोशीज्यूले वित्तीय संस्थाले लघुवित्त क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउन सफल भएको र आगामि दिनमा यसलाई निरन्तरता दिँदै लैजाने प्रण सहित साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी, अतिथि महानुभाव एवं कर्मचारी सबैलाई धन्यवाद दिनुभयो ।

कम्पनी सचिव श्रीमती शोभा मिश्रज्यूबाट आजको यस १७औं वार्षिक साधारण सभामा समावेश विषय सूची अन्तर्गतका सम्पुर्ण विषयहरु समाप्त भएको व्यहोरा जानकारी गराउनु हुँदै आजको यस साधारण सभाको औपचारिक कार्यक्रम समापन गरिदिनको लागी सभाका सभापतिज्यूलाई अनुरोध गर्नुभयो ।

(ग) विषय सूचीमा रहेका सम्पुर्ण कार्यक्रमहरु समाप्त भएको जानकारी प्राप्त भए पश्चात सभापतिज्यूले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई यस सभालाई सफल बनाउन पुऱ्याउनु भएको सहयोगका लागि हार्दिक धन्यवाद व्यक्त गर्नुभयो । त्यसैगरी यस सभालाई सफलता पूर्वक सम्पन्न गर्ने कार्यमा सहयोग पुऱ्याउने सम्पुर्ण शेयरधनी महानुभावहरुका साथै नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लि., लेखापरीक्षक, एनएमबी क्यापिटल, कानुनी सल्लाहकार तथा विभिन्न संघ संस्थाका प्रतिनिधिहरु, पत्रकार महानुभावहरु, संचालकहरू र सम्पुर्ण कर्मचारीहरु लगायत यस सभाहल उपलब्ध गराउने होटल सामनालाई समेत हार्दिक धन्यवाद ज्ञापन गर्दै यस १७औं वार्षिक साधारण सभाको औपचारिक कार्यक्रम अपरान्ह १२:०० बजे विसर्जन भएको घोषणा गर्नुभयो ।

**साधारण सभाको औपचारिक कार्यक्रमको समापन पश्चात् वित्तीय संस्थामा उत्कृष्ट कार्य गर्ने शाखा एवं सफल व्यवसायिहरुलाई निम्नानुसार पुरस्कृत गरिएको थियो ।**

(क) **सफल व्यवशायीको प्रस्तुतीकरण एवं सम्मान:**
वित्तीय संस्थाको ५ वटा क्षेत्रिय कार्यालयबाट ५ जना सफल व्यवशायीहरुले आ–आफ्नो व्यवशायिक संघर्ष एवं सफलताको कथा प्रस्तुत गरेका थिए । जसमध्ये एक जनालाई प्रथम पुरस्कार नगद रु.५००० तथा प्रशंसापत्र र अन्य ४ जना सहभागीलाई रु.२००० नगद र प्रशंसापत्र प्रदान गरीएको थियो ।

(ख) **नृत्य प्रस्तुतीकरण :**
छिमेक एकेडेमी सिमराका वालवालिकाले नृत्य प्रस्तुत गरि कार्यक्रममा सहभागी सवैलाई मनोरंजन प्रदान गरेका थिए । नृत्य प्रस्तुत गर्ने बालबालिकालाई कापि कलम प्रदान गरिएको थियो ।

(ग) **उत्कृष्ट कार्य गर्ने शाखालाई पुरस्कार वितरण :**
उक्त अवसरमा आ.व. २०७४/७५ मा क्षेत्रगत रुपमा उत्कृष्ट कार्यसम्पादन गर्ने पुर्वक्षेत्र अर्न्तगत जनकपुर क शाखा, मध्यक्षेत्र अर्न्तगत हेटौडा शाखा, काठमाण्डौ क्षेत्र अर्न्तगत टाँडी शाखा र पश्चिम क्षेत्र अर्न्तगत मंगलापुर शाखालाई प्रशंसापत्र र नगद पुरस्कार रु.११,०००।- का दरले वित्तीय संस्थाका अध्यक्षज्यू तथा प्रमुख कार्यकारी अधिकृतज्यूबाट संयुक्त रुपमा प्रदान गरिएको थियो ।

द
श्री शोभा मिश्र
कम्पनी सचिव

CHHIMEK

द
श्री विश्वमित्र श्रेष्ठ
अध्यक्ष